# कृषक वर्गहरुमा अनुरोध ।

१. नेपाल सरकारको विशेष कृषि उत्पादन कार्यक्रम अन्तर्गत कृषकहरुलाई लागत सहभागिताको आधारमा अनुदानमा रासायनिक मल उपलब्ध गराउने नीति अनुरुप यस कम्पनीले अन्तराष्ट्रिय बजारबाट ग्लोबल टेण्डर र जि टु जीको माध्यमबाट रासायनिक मलखाद खरिद/आयात गरि कम्पनीको जिल्लास्थित कार्यालयहरुबाट आधिकारिक विक्रेता/सहकारीहरु मार्फत देशैभर विक्री वितरण गरिरहेको व्यहोरा विदितै छ।

२. चालु आ.ब. को हालसम्म युरिया ९९,७६०.००० मे.टन, डिएपी ४१,४००.००० मे.टन र पोटास ४,२२०.००० गरि जम्मा १,४५,३८०.००० मे.टन विक्री वितरण भै सकेको र कम्पनी सँग युरिया ६१,५००.००० मे.टन, डिएपी १८,९००.००० मे.टन र पोटास २,२३५.००० मे.टन गरि जम्मा ८२,६३५.००० मे.टन मौज्दातमा रहेको छ।

३. रासायनिक मलको विक्री वितरण सम्बन्धमा विद्यमान अनुदानको रासायिनक मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम स्थानिय मल वितरण व्यवस्थापन समितिले सिफारिस गरि कायम भएका आधिकारिक विक्रेता/सहकारी संस्थाहरुलाई सोही समितिले निर्धारण गरे बमोजिमको मल कम्पनीका जिल्ला स्थित शाखा कार्यालयहरुबाट देशै भरी विक्री वितरण भई रहेको छ।

४. निर्धारित कोटाको मलबाट नपुग हुने जिल्लाहरुको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय, मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको मिति २०८१।०८।०९ र १० गतेको निर्णय अनुसार कम्पनीमा रहेको बफर स्टकबाट समेत विक्री तथा परिचालन गर्न सम्बन्धित प्रादेशिक कार्यालयहरुलाई निर्देशन दिई सकिएको हुँदा सम्बन्धित सहकारी मार्फत मलखाद खरिद गर्न सम्पूर्ण कृषकवर्ग, सहकारी संस्था तथा अन्य सरोकारवालहरु सबैको जानकारीको लागि अनुरोध छ ।

कृषि सामग्री कम्पनी लिमिटेड
प्रधान कार्यालय कुलेश्वर, काठमाडौं ।